ाआ" ारी जनको नेजर) सोलार ा खुद्रा ०१९३

# अमरगढी नगरपालिका कार्यालय

## डडेल्धुरा

## पार्किङ्ग शुल्क सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७२/०३/१८ गते**

आगामी आर्थिक वर्ष २०७२/७३ को लागि यस अमरगढी नगरपालिका वडा नं. ५ स्थित बसपार्कको पार्किङ्ग शुल्क ठेक्का बन्दोवस्त गर्न गोप्य शिलबन्दीं बोलपत्र आह्वानका लागिं यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| ठेक्का नं. | ठेक्का विवरण | न्युनतम कायम अंक रकम रू. | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|
| ०४/२०७१-७२ | अमरगढी बस पार्क पार्किङ्ग शुल्क ठेक्का | ७,५०,०००।- | २०७२ श्रावण १ देखि २०७३ आषाढ मसान्त सम्म (एक बर्ष) | |

**शर्तहरू :**

१. बोलपत्र फाराम प्रति फाराम रु. ३००।- मा (अक्षेरेपी तीन सय मात्र ।) फिर्ता नहुने गरी दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र कार्यालय समय सम्म यस कार्यालयको राजश्व शाखा बाट खरिद गरि ०८ औं दिन दिनको १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ । उक्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे देखि बोलपत्रदाता र अमर गढी नगरपालिका स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र संघ संस्थाको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा आ.व. २०७०/७१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्रको खाम बाहिर यस अमरगढी नगरपालिका कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखी बोलपत्रदाताको नाम र ठेगाना पनि उल्लेख गर्नु पर्नेछ ।

४. कबोल अंकको २.५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क डडेल्धुरामा रहेको धरौटी खाता नं. ४१/१८ ग ३ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

५. बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

६. तोकिएको समयावधि भन्दा पछि दर्ता भएको शिलबन्दी बोलपत्र फाराम लाई मान्यता दिईने छैन ।

७. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख गरिएकोलाई मान्यता दिईनेछ ।

८. सम्झौता गर्दा कबोल अंकको २.५ प्रतिशत धरौटी रकम सहित पार्किङ्ग शुल्कको पचास प्रतिशत रकम प्रथम किस्ता स्वरुप अग्रिम रुपमा बुझाउनु पर्नेछ र दोस्रो किस्ता वापतको पचास प्रतिशत रकम छ महिना समाप्त हुनु भन्दा पहिले दाखिला गर्नु पर्नेछ ।

९. पार्किङ्ग शुल्क वापतको रकम नगर परिषद्ले तोके बमोजिम लिनु पर्नेछ ।

१०. पार्किङ्ग शुल्क बस पार्कमा नै उठाउनु पर्नेछ ।

११. नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर, शुल्क, दस्तुर बुझाएको हुनु पर्नेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. अन्य जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१४. यसमा छुट भएको बिषयको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**कार्यकारी अधिकृत**

केशव बोहरा, कानुनी सल्लाहकार : अधिवक्ता नरेन्द्र रोकाया, सम्पादक : उत्तर बिष्ट,
०७६७२०, ९८५८७५१७२०, ईमेलः ddlpostnews@gmail.com, प्रिन्टीङ्ग : कैलपाल अफसेट प्रेस डडेल्धुरा